श्री ५ को सरकार

# गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय लमजुङका प्र.जि.अ. श्री सोम-बहादुर के.सी. प्रमुख जिल्ला अधिकारी प्रशिक्षणमा भाग लिन जानुभएकोले सो प्र.जि.अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी जिल्ला कार्यालय गोरखाका प्रशासकीय अधिकृत श्री टेकराज शर्मालाई मिति २०४४।५।१० देखि का. मु. मुकरर गरेको छ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय मनाङका प्र. जि. अ. श्री घनानाथ ओझा नारायणी अंचलाधीश कार्यालयको सहायक अंचलाधीश पदमा काजमा जानु-भएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला कार्यालय लमजुङका प्रशासकीय अधिकृत श्री योगराज पौडेललाई मिति २०४४।५।११ देखि का. मु. मुकरर गरेको छ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय दाङका प्र. जि. अ. श्री रामचन्द्र उपाध्याय काठमाडौं जानुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि. २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका वरिष्ट प्रशासकीय अधिकृत श्री प्रेमलाल श्रेष्ठलाई मिति २०४४।५।७ देखि का. मु. मुकरर गरेको छ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

325